# उच्च सरकारी वकील कार्यालय

## जुम्ला

पत्र संख्या :- २०७८/०७९

चलानी नं. :- ६२२

मिति :-२०७९/०३/२४

श्री महान्यायाधिवक्ताको कार्यालय,

(योजना अनुसन्धान तथा अनुगमन विभाग)

योजना कार्यान्वयन समिति

रामशाहपथ, काठमाण्डौं।

**विषयः- वार्षिक समिक्षा प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

उपर्युक्त सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरे बमोजिम यस कार्यालयले वार्षिक रुपमा सम्पादन गरेको कार्यहरुको विवरण र सम्पादन गर्न नसकेका क्रियाकलापहरुको विवरण, कारण र समिक्षा सहितको पाना ९(नौ) को प्रतिवेदन यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध गरिन्छ । साथै मातहत कार्यालयहरु हुम्ला, जुम्ला, डोल्पा, कालिकोट र मुगु वाट प्राप्त भएको योजना कार्यान्वयनको वार्षिक समिक्षा प्रतिवेदन समेत उपर छलफल गरी योजना कार्यान्वयन सम्बन्धी कार्यको अनुगमन गरी कार्यान्वयन हुन नसकेको कृयाकलापहरुको सम्बन्धमा आगामी आ.व.को योजनामा आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न छलफल गरी निर्देशनहरु दिइएको व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ ।

...........................

शम्भु गौतम

नि.सह-न्यायाधिवक्ता

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

फोन/फ्याक्स :- ०८७-५२००१०

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना अर्न्तगत उच्च सरकारी वकील कार्यालय जुम्लाको वार्षिक कार्ययोजना २०७८/०७९ को वार्षिक समिक्षा सम्बन्धित प्रतिवेदन.............................................

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना अर्न्तगत यस उच्च सरकारी वकील कार्यालय जुम्लाको वार्षिक कार्ययोजना अन्र्तगत सम्पन्न क्रियाकलाप र बाँकी क्रियाकलापहरुको कार्यान्वयनको वार्षिक समिक्षा गर्ने प्रयोजनार्थ मिति २०७९/०३/२३ गते योजना कार्यान्वयनको समिक्षा सहितको प्रतिवेदन पेश गर्न तोकिएको समितिले पेश गरेको प्रतिवेदन माथि उच्च सरकारी वकील कार्यालय जुम्लामा योजना कार्यान्वयन समितिका पदाधिकारी एवं कर्मचारीहरुको समिक्षा बैठक बसी गरेको निर्णय बमोजिम उच्च सरकारी वकील कार्यालय जुम्लाबाट वार्षिक समिक्षाको अवधि (२०७९/०३/२३ सम्म) भएको क्रियाकलाप र हुन नसकेको क्रियाकलापहरु यसप्रकार रहेको छः-

## वार्षिक अवधि (२०७९/०३/२३) सम्म सम्पादन गरिएका क्रियाकलापहरु

१. मातहत कार्यालयहरुबाट तयार भई स्वीकृतका लागि प्राप्त भएका वार्षिक कार्ययोजना माथि व्यापक छलफल गरी स्वीकृत गर्ने कार्य निर्धारित समय सीमा भित्र सम्पन्न भएको छ। (५.५.८.४)

२. महान्यायाधिवक्ताको कार्यालयबाट नागरिक बडापत्रमा समावेश गर्नुपर्ने विषयवस्तु र विधि प्राप्त गरी कार्यालयको नागरिक बडापत्र तयार गरी कार्यालयको अग्र भागमा सबैले देख्ने गरी टाँस गर्ने कार्य सम्पन्न गरिएको छ । कार्यालयको Website मा उक्त बडापत्रलाई Upload गर्ने कार्य सम्पन्न गरिएको छ ।(५.५.५.४)

३. महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध विभिन्न कानूनी सचेतना र सन्देशमूलक पुराना साईनपोष्टहरु प्राप्त गरी कार्यालयको हातामा टाँस गर्ने कार्य प्रथम त्रैमासिक समिक्षा गर्दाकै क्रममा सम्पन्न गरिएको छ ।बाँकी बचेका साईन पोष्टहरु वितरण गर्ने र टाँस गर्ने कार्यहरुलाई निरन्तरता दिइ ३.१५ क्रियाकलाप नं. ५.३.५.१ फौजदारी कानूनको बारेमा सचेतना अभिवृद्धि गर्न स्थानीय तह, अनुसन्धान गर्ने निकाय, शिक्षण संस्था समेतमा साईनपोष्ट टाँस गर्ने गराउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त तेजाब प्रहार, मानव बेचविखन, जबरजस्ती करणी, बोक्सीको आरोप जस्ता सचेतना अभिवृद्धि गर्ने पृथक-पृथक छ वटा

साईनपोष्टहरुलाई जुम्ला जिल्ला अवस्थित विभिन्न ६ वटा चन्दननाथ मा.वि., सत्यवादी मा.वि. गुठीचौर, सरस्वती मा.वि. पातारासी, कर्णाली मा.वि. अनामनगर, जनता उच्च मा.वि. महतगाँउ र कर्णाली प्राविधिक शिक्षालय समेतमा मिति २०७८/११/१८ देखि २०७८/११/२७ गतेसम्म अभियानको रुपमा सम्बन्धित शिक्षण संस्थाको अग्र भागमा सबैले देखिने स्थानमा फ्रेमिङ सहित व्यवस्थित तवरले विद्यालयको प्र.अ. र शिक्षकहरुको रोहबरमा मुचुल्का बनाई टाँस गर्ने कार्य सम्पन्न गरिएको छ। उक्त कार्यको समाचार र फोटो समेत website मा Upload गरी टाँस गरिएको साईनपोष्टहरु ठीक तवरले लामो अवधि सम्म टिकाई राख्न प्रधानाध्यापक समेतलाई निर्देशन दिई अनुगमन कार्य समेत गर्दै टाँस गरिएको साईनपोष्टहरुलाई सर्वसाधारणको जानकारीका लागि कार्यालयको Official website मा समेत Upload गर्ने कार्य गरिएको छ ।

४. महान्यायाधिवक्ताको कार्यालयबाट स्वीकृत एकीकृत कार्य संचालन निर्देशिका,२०७४ बमोजिम कार्यालयमा कार्यरत सरकारी वकील र कर्मचारीहरुलाई कायदिश सहित कामको जिम्मेवारी तोक्ने कार्य २०७८/०४/३२ मा सम्पन्न गरिएको छ र तोकिए बमोजिमको कार्य भए नभएको अनुगमन गर्ने कार्यलाई बढोत्तरी गरी निरन्तरता दिइएको छ ।(५.४.२.४)

५. बहस पैरवी र प्रतिरक्षा गर्नुपर्ने विषयमा छलफल गर्ने कार्य आवश्यकता अनुसार औपचारिक र अनौपचारिक रुपमा सम्पन्न गरि तयारीका साथ केशको गाम्भीर्यता र आवश्यकता अनुसार समूहगत रुपमा पेशीमा प्रस्तुत हुने कार्यलाई निरन्तरता दिइएको छ ।(५.४.५.३)

६. अभियोगपत्रको अनुगमन कार्यक्रम तालिका बनाई स्वीकृत गरिएको छ ।(५.१.३.२)

७. साक्षी सँग परामर्श गर्ने, Hello साक्षी गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अभिलेखिकरण गरिएको छ । साक्षीहरुको अभिलेख अद्यावधिक गरी बकपत्रको जानकारी गराउने गरेको, सो कार्यको लागि ना.सु. मदनराज चौलागाई र सहायक न्यायाधिवक्तालाई तोक्ने कार्य गरिएको छ। तोकेका कर्मचारीहरुले उच्च अदालत सुर्खेत, जुम्ला ईजलासमा बकपत्र गर्ने भनी बोलावट भएको साक्षीहरुलाई कार्यालयमा उपस्थित गरी Counciling गर्ने र निजहरुको सम्पर्क नं. सहितको विवरण अद्यावधिक गरी छुट्टै अभिलेखमा रेकर्ड राखी हेलो साक्षी गरी बोलाउने साथै पत्राचार गरी फलोअफ गरेर बकपत्रको लागि उपस्थित गराउने गरिएको छ। मुद्दामा चासो राख्ने पीडित जाहेरवालाहरुलाई पेशीको जानकारी समेत गराई सो को अभिलेख राख्ने गरिएको छ ।(५.२.२.३)

८. क्रियाकलाप नं. ५.५.८.७ अन्तर्गत मातहत कार्यालयहरुबाट योजना कार्यान्वयन समिक्षा र क्रियाकलाप कार्यान्वयनको प्रभाव सम्बन्धी प्रतिवेदन नियमित प्राप्त गर्ने सो को अनुगमन गरी अभिलेख राख्ने कार्य योजना कार्यान्वयन समितिबाट भएको छ ।

९. उजुरी र गुनासोको व्यवस्थापन गरिएको छ। उजुरी पेटिका सबैले देख्ने ठाउँमा कार्यालयको मूल ढोका छेउमा निरन्तर राखिएको छ। परेका उजुरी र गुनासोहरु सुन्ने अधिकारी तोक्ने कार्य सम्पन्न गरिएको छ र Website मा Upload गरिएको छ। (५.५.४.५)

१०. शंकितले कानून व्यवसायी सँग परामर्श र आफन्त सँग भेटघाट गर्न नपाएको अवस्थामा उजुरी दिन सकिने कुराको सार्वजनिक सूचना तयार गरी कार्यालयको सूचना पाटीमा, प्रतिक्षालयमा, जि.स.व.का. जुम्लामा टाँस गर्ने कार्य सम्पन्न गरी सो को अभिलेख राखिएको छ भने सोही सूचना कार्यालयको Website मा समेत Upload गरिएको छ। (५.१.५.३)

११. दर्ता रहेका प्रत्येक मुद्दा तथा रिट निवेदनमा संलग्न हुनुपर्ने कागजात रहे नरहेको सम्बन्धमा तोकिएको सरकारी वकीलले प्रारम्भ मै अध्ययन गरी नभएका कागजातको मिसिल संलग्न गर्ने कार्यलाई निरन्तरता दिई प्रतिरक्षा सम्बन्धी मुद्दाका मिसिललाई निरन्तर चुस्तदुरुस्त राखिएको छ। (५.२.५.२)

१२. ३.१७ क्रियाकलाप ५.३.५.३. र ३.२४. क्रियाकलाप ५.५.४.२ अन्तरगत फौजदारी कानूनको कार्यान्वयनको बारेमा सरोकारवालासँग अन्तरक्रिया गर्ने कार्यक्रम अन्तरगत समुदायमा सरकारी वकील कार्यक्रम उच्च सरकारी वकील कार्यालयको एकल संयोजनमा ३ स्थान क्रमश् चन्दननाथ उच्च मा.वि. जुम्लामा मिति २०७८/११/१८ सत्यवादी मा.वि. गुठीचौरमा मिति २०७८/११/२० र सरस्वती मा.वि. रीनीमा मिति २०७८/११/२२ गते गरी तीन वटा कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा ९,१०,११ र १२ कक्षा अध्ययन गर्ने जम्मा ३४८ जना छात्र/छात्रालाई समसामयिक कानूनी विषयमा जानकारी गराई सरकारी वकीलको काम, कर्तव्य र समुदायसँग सरकारी वकीलले राखेको अपेक्षा बारेमा अन्तरक्रियात्मक समुदायमा सरकारी वकील कार्यक्रम सम्पन् गरियो भने मिति २०७८/११/२४ गते नारी दिवसको दिन हिमा गाउँपालिका र उच्च सरकारी वकील कार्यालयको संयुक्त प्रयासमा हिमा गाउँपालिका अन्तरगतका सातै वटा वडाबाट प्रतिनिधित्व गर्ने महिलाहरुको व्यापक उपस्थिति रहेको समारोहमा समेत समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न गरियो त्यसैगरी जिल्ला प्रहरी कार्यालय जिल्ला प्रशासन कार्यालय र उच्च सरकारी वकील कार्यालय समेतको आयोजनामा कर्णाली प्राविधिक शिक्षालयमा कर्णाली प्रदेशका १० वटै जिल्लाबाट कर्णाली प्राविधिक शिक्षालयमा उच्च प्राविधिक शिक्षा अध्ययन गर्न आएका जम्मा १६६ जना छात्र/छात्राहरुलाई उक्त शिक्षालयका सिक्षाध्यक्ष लगाएत शिक्षक शिक्षिकाहरुको उपस्थितिमा समुदायमा सरकारी वकील कार्यक्रम समेत सम्पन्न गरिएको छ । यसरी विभिन्न पाँच स्थानमा संचालन गरिएको समुदायमा सरकारी वकील कार्यक्रममा कूल जम्मा ५६७ जनालाई समुदायमा सरकारी वकील कार्यक्रममा प्रत्यक्ष रुपमा सहभागी गराई अन्तरक्रिया सम्पन्न गरिएको छ।

१३. जिल्ला स्थित सरोकारवाला निकायहरु सँग उच्च सरकारी वकील कार्यालय जुम्लाको सभाहलमा कानूनी राय र रीट निवेदनमा लिखित जवाफ पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु र प्रतिरक्षा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। वार्षिक कार्य योजनको ३.५ क्रियाकलाप नं ५.२.१.४ अन्तरगतको कार्यक्रम स्विकृत गरी स्विकृत कार्यक्रम बमोजिम जुम्ला जिल्लाका विभिन्न २२ वटा कार्यालयका कार्यालय प्रमुखहरुलाई आमन्त्रण गरी कानूनी राय र लिखित जवाफको तयारी र प्रतिरक्षा विषयक दुई वटा कार्यपत्रहरु सहायक जिल्ला न्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताबाट प्रस्तुत गराई निमित्त सह-न्यायाधिवक्ताको अध्यक्षतामा मिति २०७८/१२/०२ मा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरीएको छ । (५.३.१.४ र ५.२.१.४)

१४. क्रियाकलाप नं. ५.२.५.६.अर्न्तगत सम्बन्धित निकायमा दर्ता भएका र फछ्यौट भएका मुद्दाको लगत भिडाउने र मुद्दा दर्ता अभिलेखलाई अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ। उक्त कार्य गर्न योजना कार्यान्वयन समितिले गरेको निर्णय बमोजिम तोकिएका ना.सु. मदनराज चौलागाई समेतबाट प्रतिवेदन पेश भए बमोजिम (यस आर्थिक वर्षको माघ मसान्त सम्म जम्मा १७९( गत आ.व. बाट जिम्मेवारी सरी आएका ८६ थान र यस आ.व. मा दर्ता भएका ९३) मुद्दाको पुनरावेदन दर्ता भएकोमा माघ मसान्त सम्म ५० थान मुद्दा फैसला भई ४३ थान मुद्दाको फैसलाको जानकारी प्राप्त,त्यस्तै ११ थान रिट तथा मुद्दामा प्रतिरक्षा दर्ता रहेकोमा ७ थान फैसला भएको र त्यस मध्ये ४ थान रिटको फैसलाको जानकारी प्राप्त भएको र वेरीतको आदेश उपर १८ थान निवेदन दर्ता गरीएकोमा ९ थान निवेदनमा आदेश भई फैसला र आदेशको जानकारी प्राप्त गरी सो उपरको कारवाही सम्पन्न गरी मिसिल समेत सम्बन्धीत कार्यालयमा फिर्ता पठाईएको छ भने प्राप्त हुन बाँकी मुद्दा तथा रीटको समेत गरी जम्मा १० थान फैसला र आदेशहरुको जानकारीको निम्ति यस कार्यालयको च.नं. ४५० मिति २०७८/११/२३ मा पत्राचार गरिएकोमा ति मुद्दाहरुको फैसलाको जानकारी आउने क्रम जारी रहेको र सो को अभिलेख व्यवस्थित गरिएको छ ।

१५. ३.२८ क्रियाकलाप ५.५.५.३ पुस्तकालयमा रहेको पुस्तकहरुको विद्युतीय प्रति Soft copy को अभिलेख राखी सरकारी वकिललाई सम्प्रेषण गर्ने २०७८/१२/०६ मा गरिएको छ । उच्च सरकारी वकील कार्यालय जुम्लाको पुस्तकालयमा रहेको पुस्तकको सूची पृष्ठ २५(पच्चीस) को Computer मा टाईप गरीएको पुस्तकालयमा रहेको पुस्तकहरुको softcopy लाई कार्यालयको Website मा समेत अपलोड गर्ने कार्य सम्पन्न गरी अभिलेख राखिएको छ ।

१६. ३.६ क्रियाकलाप नं ५.२.१.७ विभिन्न सरकारी निकायहरुका सम्पर्क व्यक्ति, कार्यालय प्रमुख र निजको सम्पर्क नं संकलन गरी प्राप्त विवरणहरु कार्यालयको Website अपलोड गर्ने कार्य २०७८/१२/०६ मा सम्पन्न भएको छ र सो को अभिलेख राखी कार्यालय प्रमुखहरु संग परस्पर समन्वय र वैठक गर्ने कार्य सम्पन्न भएको छ ।

१७. ३.१३ क्रियाकलाप नं.५.३.१.४ अन्तरगत कानूनी राय सम्बन्धमा वर्षको कम्तीमा एकफटक सरोकारवाला नियकायहरुसँग छलफल गर्ने कार्यलाई समेत क्रियाकलाप नं. ३.५. क्रियाकलाप ५.२.१.४ सँग tie up गरी २०७८/१२/०२ मा उच्च सरकारी वकील कार्यालय जुम्लाको सभाहलमा सम्पन्न गरिएको छ ।

१८. ३.२३ क्रियाकलाप ५.५.३.१० सबै कार्यालयको Website अद्यावधिक गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको सूचना प्राविधि महाशाखाबाट प्राप्त मापदण्ड बमोजिम मातहतका सबै कार्यालयहरुको Website को पटक-पटक अनुगमन गरी सूचना IT काम गर्ने कर्मचारी र कार्यालय प्रमुख समेतलाई पटक-पटक आफ्नो Website अपडेट गरी अद्यावधिक गर्न लिखित एंव मौखिक रुपमा च.नं ४४० मिति २०७८/११/१५ र च.नं. ४६८ मिति २०७८/११/२७ मा जानकारी गराई मातहतका पाँचै वटा जिल्लाका Website लाई चुस्त दुरुस्त राख्ने कार्य सम्पन्न भएको छ । यस कार्यालयको Website लाई समेत चुस्त दुरुस्त अवस्थामा Update र Upload गर्ने कार्य गरिएको छ।

१९. ३.३० क्रियाकलाप ५.५.८.५. उच्च सरकारी वकील कार्यालय जुम्लाले आफ्नो र मातहतका ५ वटा जिल्ला सरकारी वकील कार्यालयहरुको योजना कार्यान्वयनको अर्धवार्षिक कार्य समिक्षाको कार्य समेत सम्पन्न गरिएको छ।

२०. उच्च सरकारी वकील कार्यालय जुम्ला र जिल्ला सरकारी वकील कार्यालय मुगुको संयुक्त आयोजनामा मिति २०७८/१२/१६ गते बिहान ७:३० बजे देखि १०:०० सम्म रारा बहुमुखी क्याम्पस मुगु गमगढीमा समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न गरियो । मिति २०७८/१२/१६ गतेको दिन महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त विभिन्न ६ वटा अपराधहरु सँग सम्बन्धित सन्देशमूलक साईनपोष्टहरु मुगु जिल्लाको छाँयानाथ नगरपालिका गमगढीमा अवस्थित रारा बहुमुखी क्याम्पस र महाकाली नमुना मा.वि. गमगढीमा Frameing सहित सर्वसाधारणको जानकारीको लागि क्याम्पस प्रमुख समेतको रोहवरमा टाँस गर्ने कार्य सम्पन्न गरियो । उच्च सरकारी वकील कार्यालय जुम्ला र जिल्ला सरकारी वकील कार्यालय मुगुको संयुक्त आयोजनामा मिति २०७८/१२/१६ गते अपरान्ह २:०० बजे देखि ०५:०० बजे सम्म जिल्ला प्रशासन कार्यालय मुगुको सभाहलमा मुगु जिल्लामा रहेको सरोकारवाला विभिन्न सरकारी कार्यालयका प्रमुख ज्यूहरु सँग " कानूनी राय, रिट निवेदनमा लिखित जवाफको प्रस्तुति र प्रतिरक्षा" विषयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरियो।

२१. उच्च सरकारी वकील कार्यालय जुम्ला र जिल्ला सरकारी वकील कार्यालय कालीकोटको संयुक्त आयोजनामा समुदायमा सरकारी वकील कार्यक्रम मिति २०७८/१२/२७ मा पन्चदेव मा.वि. मान्म, कालिकोट सम्पन्न गरियो । मिति २०७/१२/२७ गते आईतवार अपरान्ह १:३० बजे

जिल्ला सरकारी वकील कार्यालय कालिकोटको सभाहलमा कालिकोट जिल्लामा रहेका कार्यालय प्रमुख ज्यूहरु सँग कानूनी राय, लिखित जवाफ प्रस्तुति र प्रतिरक्षा विषयक अन्तरकृयात्मक छलफल कार्यक्रम सम्पन्न गरियो।

२२. मिति २०७९/०२/३० गते सोमवारको दिन महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय योजना अन्तर्गत उच्च सरकारी वकील कार्यालय जुम्लाको वार्षिक कार्ययोजना २०७८/०७९ मा उल्लेखित क्रियाकलापमध्ये सरकारी वकील कार्यालयको कार्य सम्पादनको सम्बन्धमा कानून व्यवसायीहरुसँग छलफल गर्ने कार्य सम्पादन गर्ने सन्दर्भमा जिल्ला सरकारी वकील कार्यालय र उच्च सरकारी वकील कार्यालय जुम्लाबाट यस आ.व.मा सम्पादन भएका काम कारवाहीको बारेमा जानकारी गराउने कार्य सम्पन्न भयो ।

२३. मिति २०७९/०३/२३ गतेको लागि समन्वय समितिको बैठक आह्वान गरी पत्राचार गरिएको छ।

२४. वार्षिक कार्ययोजनाको वार्षिक समिक्षाको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरिएको छ भने आगामी आ.व.को लागि प्रस्तावित वार्षिक कार्ययोजना तयार पारी छलफलको क्रममा राखिएको छ ।

## सम्पादन गर्न नसकिएका क्रियाकलापः-

| | क्रियाकलापको संकेत नं. | कार्यान्वयनको अवस्था | कार्यान्वयन हुन नसक्नुको कारण | सिफारिस |
|---|---|---|---|---|
| १. | ५.२.४.६(सबै तहका समन्वय समितिलाई प्रभावकारी बनाउन त्रैमासिक रुपमा बैठक गर्ने) | वर्षको १ पटक सम्म गर्न सकिएको | प्रहरी वरिष्ठ उपरिक्षक नेपालगंजमा हुने, जुम्लामा उपस्थित भै बैठक राख्नको लागि विविध कारण अर्थ र समय व्यवस्थापन मिलाउन कठिन भै त्रैमासिक रुपमा बैठक बस्न नसकिएको, स्थानीय प्रतिनिधिको उपस्थितिमा बैठक बस्नुपर्ने अवस्था रहेको। | कर्णाली प्रदेश भरीको उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा एकै पटक वार्षिक रुपमा मातहत कार्यालयहरुको अनुगमनको कार्य पश्चात् एक पटक बैठक बस्न सकिने वा स्थानीय तहमा उपलब्ध हुने प्रहरी संगठनको पदाधिकारीलाई नै सदस्यको रुपमा समावेश गराई बैठक बस्न सकिने गरी पदाधिकारिमा संशोधन गरिनुपर्ने |
| २. | ५.१.६.१३ (नयाँ नियुक्ति भएका आफ्नो कार्यालय मातहत कार्यरत सहायक कर्मचारीहरुलाई अभिमुखीकरण प्रशिक्षण प्रदान गर्ने) | गर्न नसकिएको | कर्मचारीको संख्यामा कमी हुने भै तालिमको लागि संख्या नपुग्ने, जुम्लामा बोलाई तालिम गराउन भौगोलिक विकटता र बढी खर्चिलो हुने भै खर्च व्यवस्थापन गर्न नसकेको कारण | कार्यालयगत तवरमा मातहतमा नभई प्रदेशगत रुपमा सुर्खेत वा जुम्लामा एक पटक महान्यायाधिवक्ताको कार्यालयको पहलमा गर्न सकिने र हालसम्म नभएकोले गर्न जरुरी रहेको । |

| | | | | |
|---|---|---|---|---|
| ३. | ५.१.३.२.(वार्षिक रुपमा उच्च सरकारी वकील कार्यालयबाट मातहतका सबै जि.स.व.का.को अभियोजन परिक्षण गर्ने र प्रतिवेदन दिने | मातहत ५ मध्ये वर्षमा ३ वटा मात्र गर्न सकिएको | बजेटको कमी, भौगोलिक विकटता र मौसमी अनुकूल र प्रतिकूलता आदीको कारण समय र खर्चको व्यवस्थापन गरी हुम्ला र डोल्पामा समेत गरी सबै ५ वटै मातहतका जिल्लामा प्रत्येक वर्ष भौतिक रुपमा उपस्थित भई परिक्षण गर्न नसकिएको, | - |
| ४. | ५.२.५.५(सरकारी वकील कार्यालयको लागि निर्धारित मुद्दा दायरी रजिष्टर परिमार्जन गरी कार्यान्वयनमा ल्याउने । | - | म.न्या.का. बाट ढिलो गरी परिमार्जित मुद्दा डायरी रजिष्टर प्राप्त भएको कारण | यस आ.व.मा प्राप्त रजिष्टरहरु छपाई गरी कार्यान्वयनमा ल्याउने । |

**५. क्रियाकलाप कार्यान्वयनको प्रभावः**

- वार्षिक रणनीतिक योजना कार्यान्वयनबाट महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकीलले गर्ने काम कारवाही तथा समुदायमा किन सरकारी वकील, सरकारी वकील कस्का लागि र किन जस्ता सन्देशहरु प्रवाह गरी सरकारी वकील कार्यालयहरु अपराध पीडितहरुलाई न्याय दिलाउने र पीडकको हक अधिकारको संरक्षण गर्ने कार्यालय भएको सन्देश गाउँ गाउँमा पुऱ्याउन सफल भएको छ । मातहत जिल्ला मुगु र कालीकोटको अनुगमन निरिक्षणको क्रममा मातहत कार्यालयहरुसँगको समेत सहकार्यबाट Jointly मुगु र कालीकोटमा समुदायमा सरकारी वकील कार्यक्रम, रिट निवेदनमा लिखित जवाफको प्रस्तुति रु प्रतिरक्षा एवं कानूनी राय विषयमा सरोकारवालाहरुसँग अन्तरक्रियात्मक कार्यक्रमहरु सम्पन्न गरिएकोमा उक्त क्रियाकलापबाट निर्णय गर्नु पूर्व दुविधा र अस्पष्ट भएको विषयमा लिखित एवं मौखिक रुपमा कानूनी राय माग गर्ने र सल्लाह , सहयोग र समन्वय गर्नुपर्ने भूमिकामा जिल्लामा सरकारी वकील कार्यालय रहेको सन्देश प्रवाह भै निर्णय प्रक्रियामा आधार कारण सहित According to Law र Due Process of Law ले प्राथमिकता पाई लिखित जवाफको लेखाई र प्रस्तुतिमा समेत सूधार भई फरक अनुभूतिको समेत महसुस भई प्रतिरक्षामा सफलताको प्रतिशतमा समेत वृद्धि भएको छ । वारका कानून व्यवसायीसँगको छलफलमा वारसँग समेत सहकार्य गरी कार्यक्रम तय गर्न सुझाव सहितको माग भएको हुँदा आगामी आ.व.मा एउटा क्रियाकलाप गर्ने गरी कार्ययोजना बनाएको त्यसैगरी समुदायमा सरकारी वकील कार्यक्रमलाई स्थानीय निकाय, विद्यालयहरु जस्ता सम्बद्ध कार्यालयहरुसँग समन्वय गरी गर्नको लागी व्यापक माग भएको हुँदा प्रक्षेपण गरे भन्दा दोब्बर भन्दा बढी संख्यामा

क्रियाकलापहरु सम्पादन गरिएको हुँदा यसलाई निरन्तरता दिई क्रमश थप बढाउदै लग्नुपर्ने कार्य जिम्मेवारी बढेको महसुस गरिएको छ ।

योजना कार्यान्वयनको क्रममा महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त निर्देशन, परिपत्र, सल्लाह सुझावहरुले कार्यालयबाट सम्पादन गरिने कार्य, अभिलेख व्यवस्थापनमा सूधार भई पारदर्शिता जवाफदेहिता र जिम्मेवारीमा कार्यालय परिवारमा उत्साहप्रद बढोत्तरी भएको छ भने हरेक सम्पादित क्रियाकलापहरुलाई अभिलेखमा व्यवस्थित गरी तत्काल Website मा Upload गर्ने र प्रतिवेदन मार्फत Reporting गर्दै निरन्तर समीक्षा गर्ने कार्यले प्रभावकारी ढंगको प्राथमिकता पाई निरन्तरता पाएको छ ।

## सम्पन्न क्रियाकलापहरु माथिको समिक्षाः

- प्रस्तुत वार्षिक कार्य योजना अनुरुप कार्य गर्दा काम कारवाही प्रभावकारी रुपमा छिटो छरितो र मितव्ययी ढंगबाट सम्पन्न गर्न संलग्न सवैले सहभागिता र अपनत्व ग्रहण गरेको देखियो ।
- पर्याप्त मात्रामा सन्देशमूलक साईनपोष्टहरु प्रकाशन गरी सबै जिल्लाहरुको शिक्षण संस्था, स्थानीय निकायहरुमा अभियानको रुपमा वर्षेनी वितरण र टाँस गरेमा पाँच वर्षभित्र प्राय सबै स्थलहरुमा महान्यायाधिवक्ताको कार्यालयको सन्देशमूलक साईनपोष्टहरु पुऱ्याउने सकिने देखिन्छ ।
- समुदायमा सरकारी वकील कार्यक्रममा सहभागी विद्यार्थी शिक्षक एंव विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले यस किसिमको कार्यक्रम वर्षमा एकपटक हरेक विद्यालयमा राखिनु पर्ने माग गरेको पाइयो । कार्यक्रममा सहभागी सबै जना सक्रियतापूर्वक सहभागी भई आफूलाई लागेको जिज्ञासाहरु व्यापक रुपमा सोध्ने प्रश्नावलीहरु राख्ने गरेको पाइयो । जम्मा ५६७ जनालाई सम्पन्न ५ वटा कार्यक्रमहरुमा सहभागी गराइएकोमा सहभागी प्रतिव्यक्तिवाट न्यूनतम ३ जनालाई मात्र सन्देश प्रवाह भएमा पनि करिब १८०० जनाको माझँमा सरकारी वकील अपराध पीडितको वकील हो यसले पीडितको न्यायको लागि काम गर्दछ भन्ने सन्देश प्रवाह गर्न सकिएको अनुभूत गरिएकोले यो कार्यक्रम अत्यन्त उपयोगी र आवश्यक रहेको छ ।
- कार्यालय प्रमुखहरु सँग कानूनी राय लिखित जवाफको प्रस्तुत तयारी र प्रतिरक्षा विषयक दुईवटा कार्यपत्रको प्रस्तुति सहितको अन्तरक्रियात्मक कार्यक्रममा सहभागीहरुबाट कार्यक्रम

अत्यन्तै आवश्यक र लाभदायी रहेको धारणाहरु राखेको पाइयो । सहभागी कार्यालय प्रमुख ज्यूहरुले करिब ३ १/२ घण्टा हाम्रो कार्यक्रमलाई आफ्नै कार्यक्रम सम्झी सक्रियतापूर्वक सहभागी जनाएको पाइनुले भविष्यमा सम्पादन गरिने कार्यहरुमा According to law र Due process of law ले प्राथमिकता पाउने र लिखित जवाफको तयारीमा समेत विशेष ध्यान दिई सरकारी वकील कार्यालय सँगको समन्वय समेत थप सुदृढ बन्ने देखिन्छ ।

- समग्रमा हेर्दा उच्च सरकारी वकील कार्यालय जुम्लाको वार्षिक कार्ययोजनामा रहेको ३१ वटा क्रियाकलापहरु मध्ये माथि विश्लेषित २७ वटा क्रियाकलाप र सो सँग सम्वन्धित विस्तृत कार्यहरु सम्पन्न गरिएको छ।
- उपरोक्त क्रियाकलापहरुलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना अन्तरगत यस उच्च सरकारी वकील कार्यालय जुम्लाको वार्षिक कार्ययोजना भित्र रहेका विविध क्रियाकलापमध्ये करिव ९०% भन्दा बढी क्रियाकलापहरु सम्पन्न भएको देखिन्छ।